# शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दी मिलान एबम् व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ्ग



CamScanner

देवराज चौधरी
अध्यक्ष

# शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहिरुको दरबन्दी मिलान एबम् व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

## कटहरी गाउँकार्यपालिकाको कार्यालय,

कटहरी, मोरङ्ग।-

का.पा बाट जारी मिति २०७९/१०/२३

प्रस्तावना: यस गाउँपालिका भरका सामुदायिक विद्यालयमा शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दी मिलान गर्न एबम् शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा कटहरी गाउँपालिकाको शिक्षा ऐन,२०७६ को दफा ५० को अधिकार क्षेत्र भित्र रही यो कार्यविधि तयार गरी लागू गरिएको छ।

लागू हुने: यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

### परिच्छेद -१

संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दी मिलान एबम् व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९ रहेकोछ।

१.२ यो कार्यविधि यसै कटहरी गाउँपालिका भर लागू हुने गरी तयार गरिएको हो।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) " शिक्षा समिति" भन्नाले कटहरी गाउँपालिकाको शिक्षा ऐन,२०७६ को दफा १० उपदफा १ बमोजिमको समिति बुझ्नुपर्छ।

ख) "विद्यालय व्यवस्थापन समिति" भन्नाले कटहरी गाउँपालिकाको शिक्षा ऐन,२०७६ को दफा १६ उपदफा १ बमोजिमको समिति बुझ्नुपर्छ।

ग)"अध्यक्ष" भन्नाले कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका बर्तमान अध्यक्ष बुझ्नुपर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका बर्तमान प्रमुख प्रशासकीय अधिकृत बुझ्नुपर्छ।

ङ) " शिक्षा शाखा प्रमुख" भन्नाले कटहरी गाउँपालिका शिक्षा शाखामा कार्यरत अधिकृतहरु मध्ये जेष्ठतम अधिकृत बुझ्नुपर्छ। शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९६क (१).ख मा उल्लेख भएको " सम्वन्धित क्षेत्रको विद्यालय निरीक्षक भन्नाले हालको " शिक्षा शाखा प्रमुख" भनेर बुझ्नुपर्छ।

च) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भनेर बुझ्नुपर्छ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

छ) "विद्यालय " भन्नाले नियमानुसार विद्यालय सन्चालन गर्न स्वीकृति वा अनुमति पाएका विद्यालयहरु बुझ्नुपर्छ। यस शब्दले नेपाल सरकारबाट नियमित अनुदान पाइरहेका विद्यालयहरु ( मदरसा ,गुरुकुल र गुम्बा जस्ता धार्मिक प्रकृतिका बाहेकका ) समेत लाई बुझाउँछ।

ज) " शिक्षक" भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियमानुसार नियुक्ति पाएका शिक्षकलाई बुझ्नुपर्छ। यस शब्दले अस्थायी,करार र राहत अनुदानमा कार्यरत शिक्षक समेतलाई बुझाउँछ।

झ) "सहयोगी कार्यकर्ता" भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त गरिरहेका बालविकास केन्द्रहरुका सहयोगी कार्यकर्ता/ सहजकर्ता ( हालमा प्रारम्भिक बालविकास शिक्षक समेत भन्ने गरिएको) लाई बुझ्नुपर्छ।

ञ) "प्राथमिक तह "भन्नाले कक्षा १-५ ,"निम्नमाध्यमिक तह" भन्नाले कक्षा ६-८ र "माध्यमिक तह" भन्नाले कक्षा ९-१० र "उच्च माध्यमिक तह" भन्नाले कक्षा ११-१२ लाई बुझ्नुपर्छ।

## परिच्छेद-२

### सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको दरवन्दी मिलान गर्न अवलम्बन गरिने आधारहरु:

२.१) तहगत विद्यार्थी संख्या र कक्षाहरुमा बर्ग संख्यालाई आधार मानिनेछ। विद्यालयमा तत्काल सम्पन्न अर्धवार्षिक(दोस्रो त्रैमासिक) वा बार्षिक परीक्षामा उपस्थित विद्यार्थी संख्यालाई नै विद्यार्थी संख्या मानिनेछ।

२.२) क.शिक्षा नियमावली,२०२८ (शंसोधन सहित) को अनुसूची -१२ बमोजिमको शिक्षक दरबन्दीलाई दरबन्दी मिलानको मुख्य आधार मानिनेछ।

२.२)ख. प्रति कक्षा विद्यार्थी संख्या सामान्यतया ५० जना लाई आधार मानिनेछ। अर्थात शिक्षक –विद्यार्थी अनुपात १:५० हुने।

२.२.ख.१. तर तोकिएको भन्दा ४० प्रतिशत कम ( औषत प्रति कक्षा २० जना भन्दा कम) विद्यार्थी भएमा त्यस्तो विद्यालयलाई एकीकरण/समायोजन तथा कक्षा वा तह घटाई विद्यालय समायोजन प्रकृया अघि वढाइने।

२.२.ख.२. तोकिएको भन्दा ५० प्रतिशत बढी ( औषत प्रति कक्षा २५ जना ) विद्यार्थी भएमा त्यस्तो विद्यालयमा बहुकक्षा शिक्षण नगर्ने।

२.२.ख.३. एउटै कक्षामा विद्यार्थी संख्या बढी भई बर्ग खोल्नुपर्ने भएमा तोकिएको भन्दा ४० प्रतिशत बढी ( प्रतिकक्षा ७० जना) विद्यार्थी संख्या हुनुपर्ने। यस अवस्थामा १ शिक्षक दरबन्दी थप गरी गणना गर्ने।

२.२) ग. दरबन्दी मिलानका प्रमुख आधारहरु निम्नानुसार हुनेछन,

अ) प्राथमिक तहमा शिक्षक — विद्यार्थी अनुपात

आ) निम्नमाध्यमिक,माध्यमिक र उच्च माध्यमिक तहमा विषयगत शिक्षक संख्याका साथै शिक्षक — विद्यार्थी अनुपात।

देवराज चौधरी
अध्यक्ष

देवराज चौधरी
अध्यक्ष

परिच्छेद-३

३) विद्यालयगत र तहगत रुपमा शिक्षक व्यवस्था गर्दा लिइने आधारहरु:

३.१. कक्षा १-३ सन्चालन भएका विद्यालयहरुमा,

३.१.१ विद्यालयमा २० जना भन्दा कम विद्यार्थी भएमा १ दरबन्दी कायम गरिने।

३.१.२ विद्यालयमा २१-५० जना सम्म विद्यार्थी भएमा २ दरबन्दी कायम गरिने।

३.३.विद्यालयमा ५० जना भन्दा बढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गरिने।तर १५० जना भन्दा बढी विद्यार्थी संख्या भएमा मात्र २.२.ख बमोजिम शिक्षक- विद्यार्थी अनुपात मिलान गर्न सकिने।

३.२ . कक्षा १-५ सन्चालन भएका विद्यालयहरुमा,

३.२.१. विद्यालयमा ३० जना भन्दा कम विद्यार्थी भएमा २ शिक्षक दरबन्दी कायम गरिने।

३.२.२. विद्यालयमा ३१ जना देखि ८० जना सम्म विद्यार्थी भएमा ३ शिक्षक दरबन्दी कायम गरिने।

३.२.३. विद्यालयमा ८१ जना देखि १२५ जना सम्म विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी कायम गरिने।

३.२.४. विद्यालयमा १२६ जना वा सो भन्दा बढी विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गरिने। तर २५० जना भन्दा बढी भएमा २.२.ख बमोजिम शिक्षक- विद्यार्थी अनुपात मिलान् गर्न सकिने।

३.३. आधारभूत तह (कक्षा ६-८ )सन्चालन भएका विद्यालयहरुमा,

३.३.१ विद्यालयमा निम्न माध्यमिक तहमा ५० जना सम्म विद्यार्थी भएमा ३ शिक्षक दरबन्दी कायम गरिने। विद्यालयमा ५० जना भन्दा बढी विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी कायम गरिने(अंग्रेजी-१,गणित/विज्ञान-१,,नेपाली-१ र सामाजिक-१ गरी ४)।। तर सो भन्दा बढी भएमा २.२.ख बमोजिम शिक्षक- विद्यार्थी अनुपात मिलान गर्न सकिने।

३.४. माध्यमिक तह (कक्षा ९-१०) सन्चालन भएका विद्यालयहरुमा,

३.४.१. विद्यालयमा माध्यमिक तहमा ५० जना सम्म विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी कायम गरिने। सो ५० जना भन्दा बढी विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गरिने( अंग्रेजी-१,विज्ञान-१,गणित-१,नेपाली-१ र सामाजिक-१ गरी ५)। तर सो भन्दा बढी भएमा २.२.ख बमोजिम शिक्षक- विद्यार्थी अनुपात मिलान गर्न सकिने।

३.५. माध्यमिक तह (कक्षा ११-१२) सन्चालन भएका विद्यालयहरुमा,

३.५.१ जिल्लाबाट उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा दरबन्दी कायम गरिने।

देवराज चौधरी
अध्यक्ष

## परिच्छेद-४

सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको दरवन्दी मिलान गर्न अवलम्बन गरिने प्रकृयाहरु:

४.१. विद्यालय एकीकरण नभइन्जेल बर्ग शिक्षण गर्न शिक्षक दरबन्दी नपुग्ने भएमा बहुकक्षा शिक्षण गर्ने प्रबन्ध मिलाउने।

४.२. दरबन्दी मिलान गर्दा शिक्षक- विद्यार्थी अनुपात बढी हुन आउने शिक्षक दरबन्दीलाई शिक्षा समितिको पुलमा राखी शिक्षक- विद्यार्थी अनुपातका आधारमा बढी शिक्षक भएका विद्यालयहरुबाट कम भएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा शिक्षक खटाउने व्यवस्था गर्ने।

४.३. शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम रिक्त दरबन्दी, त्यसपछि क्रमशः राहत अनुदान कोटा, नियुक्तिको -कनिष्ठताका आधारमा करार/अस्थायी शिक्षक दरबन्दी र त्यसपछि मात्र कनिष्ठताको क्रम अनुसार स्थायी शिक्षकको दरबन्दी कटौति गरी पुल दरबन्दी कायम गर्ने।

४.४. शिक्षक- विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुमा दरबन्दी रिक्त देखिएमा दरबन्दी मिलान सम्पन्न नभइन्जेल त्यस्तो दरबन्दीमा नियुक्ति वा सरुवा भई आउन अनुमति नदिने।

४.५. कुनै विद्यालयमा निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षक संख्या अपुग हुने देखिएमा र प्राथमिक तहमा शिक्षक- बिद्यार्थी अनुपात गणना गर्दा बढी देखिएमा उक्त विद्यालयलाई आबश्यक पर्ने एकमुष्ट शिक्षक संख्या गणना गरी त्यति संख्यामा उक्त विद्यालयमा शिक्षक व्यवस्था गरिनेछ तर प्राथमिक तहमा बढी देखिएका शिक्षक दरवन्दीहरुलाई स्वीकृत दरवन्दी प्राप्त नभएसम्म सो विद्यालयको माथिल्लो तहमा दरवन्दीको रुपमा गणना गरी पुलमा कायम गरिनेछ।

४.६. दरबन्दी मिलान गर्दा देहायका अन्य आधारहरु पनि लिन सकिनेछ। तर दरबन्दी कट्टा हुने विद्यालयबाट दरबन्दी थप हुने विद्यालयमा स्वेच्छिक रुपमा सरुवा भई जान चाहने शिक्षकलाई पहिलो प्राथमिकतामा राखिनेछ।

क) विद्यालयमा गुणस्तरीय पठनपाठनको लागि निज शिक्षकको आवश्यकता,

ख) निजले अध्ययन/अध्यापन गरेको विषय,

ग) माध्यमिक तहमा पठाउँदा स्नातकोत्तर/स्नातक, निम्नमाध्यमिक तहमा पठाउँदा स्नातक/ १२ कक्षा वा सो सरह उत्तीर्ण गरेको शिक्षक।

घ) निज शिक्षकको जेष्ठता, अपाङ्गता भएको शिक्षकलाइ अपाङ्गताको प्रकृति हेरी शिक्षक- विद्यार्थी अनुपात बढी भएको विद्यालयमा पठाउँदा निजहरुको रोजाईलाई प्राथमिकतामा राख्न सकिनेछ। पति- पत्नी दुबै जना शिक्षक भएमा एकै विद्यालयमा रहने गरी व्यवस्थापन गर्न सकिनेछ।

ङ) शिक्षक सरुवा पदस्थापना गर्दा क्रमशः राहत,करार र कनिष्ठतम् स्थायी शिक्षकलाई आबश्यकतानुसार अर्को विद्यालयमा दरवन्दी सहित सरुवा पदस्थापना गरिनेछ। तर

देवराज चौधरी
अध्यक्ष

बुँदा नं. (क),(ख) र (ग) (घ) को विषयमा उपलब्ध अभिलेख तथा विद्यालय व्यवस्थापन समितिको शिफारिस समेतलाई आधारको रुपमा लिन सकिनेछ।

च) विद्यार्थीहरुको सिकाई उपलब्धिलाई पनि आधार मानिनेछ। यस विषयमा स्तरमापन परीक्षाको नतिजा समेतलाई आधार मानिनेछ।

छ) शिक्षक सेवा आयोगवाट उत्तीर्ण भई कुनै स्थायी शिक्षक हाजिर हुन आएको कारण यस गाउँपालिका भित्र कार्यरत कोही शिक्षक विस्थापित हुने अवस्था आएमा विस्थापित हुन नदिन निजलाई तह र अध्ययन अध्यापनको विषय हेरी समान तह र निजको अध्ययन गरेको वा अध्यापन गरेको मिल्ने विषयमा सोही विद्यालयको कुनै रिक्त दरबन्दीमा वा अर्को विद्यालयले माग गरेमा रिक्त दरवन्दीमा कायम गरी व्यवस्थापन (खटाउने) गर्न सकिनेछ।

ज) शिक्षक सेवा आयोगवाट उत्तीर्ण भई कुनै स्थायी शिक्षक यस गाउँपालिका भित्रको कुनै विद्यालयमा हाजिर हुन आउने भएमा कार्यरत शिक्षकको सुविधालाई ध्यानमा राखी दरबन्दी संख्यामा असर नपर्ने गरी निजलाई कुनै रिक्त पदमा पदस्थापना गरी तत्काल यस गाउँपालिकामा कायम रहेका उक्त रिक्त दरबन्दीलाई यसै पालिकाको अन्य विद्यालयमा कायम गर्न सकिनेछ।

४.७) सामुदायिक विद्यालयको शिक्षक दरबन्दीलाई विद्यार्थी संख्याको आधारमा दरबन्दी सहित सरुवा गर्न वा आबश्यकता अनुसार कारण जनाई गाउँपालिका भरको जुनसुकै विद्यालयमा कामकाज गर्न खटाउन सकिनेछ।

४.८) शिक्षकलाई बुँदा नं. २.३ बमोजिम कामकाज गर्न खटाउन परेमा वा दरवन्दी मिलानका क्रममा सामुदायिक द्यालयको शिक्षक सरुवा गर्न परेमा विद्यालयको सहमति र शिक्षकको निवेदन आबश्यक पर्नेछैन।

४.९) सरुवा गर्दा वा कामकाज गर्न खटाइएका शिक्षकलाई नियमानुसार रमाना दिने दायित्व निज कार्यरत विद्यालयका प्रधानाध्यापकको र हाजिर गराउने दायित्व सरुवा / कामकाज गर्न खटिइ गएको विद्यालयका प्रधानाध्यापकको हुनेछ।

४.१०) सामुदायिक विद्यालयको शिक्षकले सरुवा/ कामकाज गर्न खटाइएको विद्यालयमा हाजिर हुन जानुपर्नेछ।

सरुवा गरिएको सामुदायिक विद्यालयको शिक्षकले नियमानुसार रमाना लिई हाजिर नभएमा निजको तलब भत्ता रोक्का गरिनेछ र अनुपस्थित रहेको अवधिलाई सेवा अवधिमा जोडिने छैन। साथै उक्त अवधिको निजको तलबभत्ता बापतको रकम निकासा गर्न कार्यालय बाध्य हुनेछैन।

४.११) कामकाज गर्न खटाएको शिक्षकलाई जुनसुकै समयमा काज फिर्ता गर्न सकिनेछ।

४.१२) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले आवश्यकता अनुसार जुनसुकै समयमा गर्न सक्नेछ।

तर यसो गर्दा सामान्यतयाः शैक्षिक सत्र शुरु हुनु भन्दा अगावै दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गरी शैक्षिक सत्र शुरु भएको पहिलो महिना भित्र नै सरुवा गरिएको विद्यालयमा शिक्षक हाजिर भइसक्ने व्यवस्था मिलाउनुपर्नेछ।

४.१३) नेपाल सरकार,शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको सूची तथा शिक्षा विकास तथा समन्वय इकाई,मोरङ्गबाट प्राप्त पत्रानुसारको शिक्षक दरवन्दी संख्या नै यस गाउँपालिकाको शिक्षक दरवन्दी संख्या मानिनेछ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

## परिच्छेद-५

देवराज चौधरी
अध्यक्ष

### सामुदायिक विद्यालयहरुमा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको दरबन्दी मिलान गर्न अपनाइने प्रकृयाहरु

५.१) हरेक विद्यालयमा भरसक एउटा बालविकास केन्द्र कायम गरिनेछ।

५.२) प्रत्येक बालबिकास केन्द्रमा ३-५ ब्रर्षका बालबालिकाहरु १०-२५ को संख्यामा भर्ना भएका हुनुपर्नेछन्।१०-२५ सम्मको विध्यार्थी भएको वा वि के लाई १ जना स का को दरबन्दी दिइनेछ र त्यसपछि प्रत्येक १० विर्धार्थी बराबर थप १ स का को दरबन्दी कायम गरिनेछ ।

५.३) प्रति बालबिकास केन्द्रमा ३-५ बर्षका बालबालिकाहरु १०-२५ जना भर्ना भई अध्ययनरत रहेको नपाइएमा त्यस्तो बालबिकास केन्द्रको सहजकर्ताको दरबन्दिलाई गाउँपालिकामा जगेडामा राखिनेछ।

५.४) जगेडा दरबन्दीलाई रिक्त भएको अवस्थामा बुँदा नं. (ख) बमोजिम आबश्यक भएको स्थानमा मात्र दरबन्दी कायम गरी बालबिकास केन्द्रको सहजकर्ता नियुक्तिको लागि अनुमति दिन सकिनेछ।

५.५) विद्यार्थी संख्याको आधारमा सहजकर्ताको दरबन्दीलाई आबश्यकता अनुसार गाउँपालिका भरको जुनसुके विद्यालयमा दरबन्दी सहित सरुवा गर्न वा कामकाज गर्न खटाउन सकिनेछ। अनुगमनको समयमा पाइएको औषत विद्यार्थी संख्या वा परीक्षाको समयमा उपस्थित विद्यार्थीलाई नै विद्यार्थी संख्या मानिनेछ।

क) यसरी बालबिकास केन्द्रको सहजकर्ता सरुवा गर्न विद्यालयको सहमति र शिक्षकको निवेदन आबश्यक पर्नेछैन।

ख) बालबिकास केन्द्रको सहजकर्ता सरुवा गरिएको विद्यालयमा जानुपर्नेछ।

ग) सरुवा वा काज खटाइएको बालबिकास केन्द्रको सहजकर्तालाई नियमानुसार रमाना दिने दायित्व निज कार्यरत विद्यालयका प्रधानाध्यापकको र हाजिर गराउने दायित्व काज खटाइएको/सरुवा भई गएको विद्यालयका प्रधानाध्यापकको हुनेछ।

घ) काज खटाइएको/सरुवा भएको बालबिकास केन्द्रको सहजकर्ताले नियमानुसार रमाना लिई हाजिर नभएमा निजको तलब भत्ता रोक्का गरिनेछ र उक्त अवधिको निजको तलबभत्ता बापतको रकम निकासा गर्न कार्यालय बाध्य हुनेछैन।

ङ) कामकाज गर्न खटाएको बालबिकास केन्द्रको सहजकर्तालाई जुनसुकै समयमा काज फिर्ता गर्न सकिनेछ।

च) बालबिकास केन्द्रको सहजकर्ताको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य गाउँपालिकाले आबश्यकता अनुसार जुनसुकै समयमा गर्न सक्नेछ।

६.शिक्षा समितिको निर्णय गरी मात्र शिक्षक तथा बालबिकास केन्द्रको सहजकर्तालाई सरुवा वा कामकाजमा खटाउने व्यवस्था गर्नुपर्नेछ।

७.यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछन्।

देवराज चौधरी
अध्यक्ष



CS CamScanner

आज्ञाले,
रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner